प्रमुख प्रशासकीय अधिकृत

बैठक नं.- १३

मितिः- २०७६।०२।२१ गते ।

समयः- १२:०० बजे ।

स्थानः- कैलाश गाउँकार्यापालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०२।२१ गते मंगलबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष्य श्री टंक बहादुर मोक्तान ज्युको अध्यक्ष्यतामा कैलाश गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यापालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहायअनुसारको प्रस्तावहरूमाथि छलफल गरि निम्नानुसारको निर्णय सर्वसम्मतिले पारित गरियो ।

## तपशील

**उपस्थितिः**

| | |
|---|---|
| श्री टंक बहादुर मोक्तान | :- अध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुकुमाया थिङ्ग | :-उपाध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री पेमा योन्जन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राजेन्द्र घिसिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री देव लाल बल | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री तिलक बहादुर मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री छेकु लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री ठुलो कान्छा लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री उदाश कुमार भ्लोन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुर्ज कुमार थिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुमन लटौला | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मणिक लाल मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लक्ष्मी मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री आशिष प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राममाया प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री फुलमाया सिन्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री गोविन्द बि.क. | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री संगिता प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लोकबहादुर कुसारी | :- सदस्य-सचिव, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मोहन प्रसाद पौडेल | :- व्यवस्थापन सहयोगी, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |

प्रमुख प्रशासकीय अधिकृत

## बैठकका एजेन्डाहरू :+

१. स्वीकृत योजना तथा कार्यक्रम सम्झौता सम्बन्धमा ।

२. शशर्त तर्फको उर्जा कार्यक्रम सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

४. स्कुटी/मोटरसाइकल खरिद सम्बन्धमा ।

५. वडा सभा सम्बन्धमा ।

६. शिक्षा समिति, कर्मचारी बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।

७. शिक्षा निति,२०७६ र शिक्षा योजना कार्यान्वयन कार्यनीति,२०७६ सम्बन्धमा ।

८. कृषि बिकास कार्यक्रम सम्बन्धमा ।

९. गाउँपालिकाका लागि आवश्यक नियमावली,कार्यबिधि र निर्देशिका सम्बन्धमा ।

१०. जनता आवास कार्यक्रम सम्बन्धमा ।

११. फर्निचर खरिद सम्बन्धमा ।

१२. सामुदायिक बिधालयहरूको लेखापरिक्षण सम्बन्धमा ।

१३. बिबिध सम्बन्धमा ।

**निर्णयहरू:+**

***निर्णय नं. १:+*** प्रस्ताव नं. १ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत योजना तथा कार्यक्रम मिति २०७६।०२।०७ गते सम्म सम्झौता गर्ने कार्यपालिकाको मिति २०७६।०१।१९ गतेको निर्णय भएकोमा भौगोलिक कठिनाइ, प्राबिधिक जटिलता, कर्मचारी समायोजनको प्रभाव, स्थानीय महत्वपुर्ण पर्वका कारण योजना समझौता ढिला भएकाले हालसम्म कार्यालयबाट भएगरेका योजना तथा कार्यक्रम सम्झौताहरूलाइ सर्बसम्मतिले निर्णय गरि अनुमोदन गर्दै मिति २०७६ जेठ मसान्त सम्म सम्झौता हुन बाँकी योजना तथा कार्यक्रमहरूको सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

***निर्णय नं. २:+*** प्रस्ताव नं. २ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गतको उर्जा तर्फको शशर्त कार्यक्रमको सोलार जडान यस गाउँपालिकाको वडा नं. ७ मा, सुधारिएको चुलो वडा नं. २ मा र बायोग्यास जडान वडा नं. ५ मा गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

***निर्णय नं. ३:+*** प्रस्ताव नं. ३ को बिषयमा आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानिय तह शशर्त अनुदानको रूपमा प्राप्त रकम रू १८,००,०००।÷( अठार लाख रूपैया मात्र) कामका

लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७६ बमोजिम तपशिलका वडाहरूमा निम्नानुसारका आयोजनाहरू सन्चालन गर्ने र गाउँपालिकामा बेरोजगारको रूपमा सुचिकृत कैलाशबासी नागरिकहरूद्वारा सो कार्य गराउने निर्णय सर्बसम्मतिले पारित गरियो ।

<u>**तपशील**</u>

| वडाहरू | आयोजनाहरू | रकम रू |
|---|---|---|
| वडा नं. १ | धुसा जलुके सडक नाली कटान | १,७०,०००।÷ |
| वडा नं. २ | पखेली सानो डाँडाखर्क सडक नाली कटान | १,७०,०००।÷ |
| वडा नं. ३ | महबिर र खिर्कि दमार कुलो मर्मत | १,७०,०००।÷ |
| वडा नं. ४ | ग्याराङ खोला सडक मर्मत | १,७०,०००।÷ |
| वडा नं. ५ | डाँडाबास पोखरी कृषि सडक मर्मत र बाँसखोला कटहरे सिचाइ मर्मत | १,८०,०००।÷ |
| वडा नं. ६ | राउती मान्जोलेक सडक मर्मत | १,७०,०००।÷ |
| वडा नं. ७ | रतुवा [illegible]मलाङ सडक नाली कटान | १,७०,०००।÷ |
| वडा नं. ८ | भार्ता वाक्सिराङ सडक नाली कटान र बन्सेखोला कुलो मर्मत | १,७०,०००।÷ |
| वडा नं. ९ | कुवापानी नामटार तथा लागुजोइटि सिचाइ मर्मत | १,७०,०००।÷ |
| वडा नं. १० | दुबोखोला तिलारडाँडा सिचाइ मर्मत र वडा कार्यालय सडक मर्मत | १,७०,०००।÷ |

***निर्णय नं. ४÷*** प्रस्ताव नं. ४ को बिषयमा आवश्यक छलफल गर्दा मिति २०७६।०२।१३ गते कर्मचारी बैठकको निर्णय नं. ७ मा भएको कार्यालयको प्रयोजनका लागि र कामको शिलशिलामा महिला कर्मचारी, अपांगता भएका कर्मचारी र जिल्लामा जाँदाको आवश्यकतालाइ महशुस गरि एक थान स्कुटी खरिद गर्ने निर्णय सर्बसम्मतिले अनुमोदन गरियो । साथै उक्त स्कुटी र एक थान मोटरसाइकल कन्टेन्जेन्सि शिर्षकबाट व्यहोर्ने गरि भुक्तानी दिने निर्णय पारित गरियो ।

***निर्णय नं. ५÷*** प्रस्ताव नं. ५ को बिषयमा आवश्यक छलफल गर्दा बस्ती तथा टोल स्तरबाट आवश्यकताको प्राथमिकिकरण गाउँपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम सोही दिग्दर्शनको अनुसुचीहरूमा उल्लेखित फारमहरूको आधारमा संकलकन गर्ने र नागरिक संलग्नता र सहभागितामा आधारित योजना छनौट सम्बन्धि तपशील बमोजिमको कार्यतालिका अनुसार वडा सभा

गर्ने, प्राप्त प्राथमिकिकरण र सुझावहरू चालु आवको जेठ मसान्त सम्म बिषयगत समितिहरू समक्ष पेश गर्ने साथै सो व्यवस्थापन खर्च प्रत्येक वडाहरूका लागि गाउँपालिकाको स्वीकृत बजेटको उपयुक्त शिर्षक खोजी रू १०,०००।÷(दश हजार रूपैया मात्र ।) उपलब्ध गराउने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**तपशील**

| क्र.स. | वडाहरू | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ र २ | २०७६।०२।२९ र २६ | |
| २ | वडा नं. ३ र ४ | २०७६।०२।२९ र २८ | |
| ३ | वडा नं. ५ र ६ | २०७६।०२।२५ र ३१ | |
| ४ | वडा नं. ७ र ८ | २०७६।०२।३० र २९ | |
| ५ | वडा नं. ९ र १० | २०७६।०२।२९ र ३१ | |

***निर्णय नं. ६÷*** प्रस्ताव नं. ६ को बिषयमा आवश्यक छलफल गर्दा मिति २०७६।०२।१३ गतेको गापा अध्यक्ष्यको रोहबरमा सन्चालित भइ निर्णय भइ पेश भएका कर्मचारी बैठकको सम्पुर्ण निर्णयहरू र मिति २०७६।०२।१९ गते गाउँ शिक्षा समितिको बैठकबाट निर्णय भइ पेश भएका सम्पुर्ण निर्णय कार्यापालिकाबाट सर्बसम्मतिले निर्णय गरि अनुमोदन गरियो ।

***निर्णय नं. ७÷*** प्रस्ताव नं. ७ को बिषयमा आवश्यक छलफल गर्दा बिधायन समिति मार्फत पेश भइ आएका गाउँपालिकाको शिक्षा नीति, २०७६,गाउँपालिकाको शिक्षा योजना कार्यान्वयन कार्यनीति, २०७६र बिधालय समायोजन तथा आन्तरिक शिक्षक दरबन्दी मिलान सम्बन्धि प्रतिबेदन,२०७६ माथि दफाबार छलफल गरि कार्यापालिकाबाट अनुमोदन गरियो ।

**तपशील**

## १.कैलाश गाउँपालिकाको शिक्षानीति ,२०७६

कैलाश गाउँपालिकाले गुणस्तरिय शिक्षा मार्फत गाउँबासीको जीवन स्तरलाई सुधार गरि सुखी,खुसी र सम्पन्न नागरिक बनाउनका लागी शिक्षा नीति ,२०७६ कार्यापालिकाबाट स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

१. **पहुँच :**

- बालबिकास उमेरका सबै बालबालिकालाई बालबिकास कार्यक्रममा सहभागी गराईनेछ ।
- बिद्यालय उमेर समुहका सबै बालबालिकालाई बिद्यालय भर्ना गरि गुणस्तरिय शिक्षा प्रदान गरिनेछ ।
- सहारा बिहिन बालबालिकालाई आवसीय विद्यालय बनाईनेछ वा आवश्यक्ता अनुसार अन्यत्र भएका बिद्यालयमा पठाउन प्रबन्ध गरिनेछ ।

२. **गुणस्तर :**

- शिक्षक तथा कर्मचारीहरुलाई परिणाममुखी, उत्तरदायी र पेशागत रुपले सक्षम बनाईनेछ ।
- गाउँ शिक्षा समितिको नेतृत्वमा उपसमितिहरु बनाई प्रति महिना बिद्यालय बिद्यालयको अनुगमन गरि तदनुसार शिक्षक, प्रधानाध्यापक, बिद्यालय ब्यवस्थापन समिति, बिद्यार्थी र कर्मचारी पुरस्कृत गर्ने सघाउने र गुणस्तर सुनिश्चित गर्ने प्रबन्ध मिलाईने छ ।
- बिद्यार्थीलाई पढाईबाट सिकाईमा स्थान्तरण गर्ने ब्यवस्था मिलाईनेछ ।
- बालबालिकाहरुको बिद्यालयमा निरन्तरताका लागी मासिक हाजिरी लेखाजोखा प्रणालीको अबलम्बन गरिनेछ ।
- साप्तहिक रुपमा शिक्षकले मासिक रुपमा प्रधानाध्यापकले र त्रैमासिक रुपमा गाउँपालिकाले बिद्यार्थीको मुल्याङ्कन गरि बिद्यार्थी केन्द्रित रचनात्मक तथा उपचरात्मक शिक्षण पद्धति अबलम्बन गरिनेछ ।
- कैलाश गाउँपालिकाका कर्मचारी, शिक्षक तथा जनप्रतिनीधिहरुका छोराछोरीहरु सामुदायिक बिद्यालयमा अनिबार्य पठनपाठन गराउने नीति लिइनेछ ।

३. **अभिभावक परिचालन :**

- प्रत्येक बिद्यालयले अभीभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- अभिभावकहरुले बेलाबखतमा कक्षा लिने तथा अन्य कार्यक्रममा सघाउने प्रबन्ध मिलाईनेछ ।
- शिक्षक, अभिभावक संघ,बिद्यालय ब्यवस्थापन समितिको भुमिकालाई थप प्रभावकारी भनाईनेछ ।

४. **निजी बिद्यालयको व्यवस्थापन :**

- लगानीको संरक्षण गर्दै निजी बिद्यालयहरुलाई अनुगमन र नियमन गरि उनिहरुलाई सेवामूखी बनाईनेछ ।

५. **दलित, विपन्न, र अपाङ्गता भएका वालबालिका :**

- दलित, अपंगता भएका र बिपन्न बिधार्थीहरूलाइ उच्च शिक्षा सम्म निशुल्क पठनपाठनको व्यवस्थापन मिलाउनका लागि गाउँपालिकामा कोष खडा गरिने छ ।

६. **मातृभाषामा शिक्षा :**

- बिधार्थीहरूको नेतृत्व बिकास र सर्बाङ्गिण बिकासका लागि co- curricular activities and extra- curricular activities सन्चालन गरिने छ ।
- प्रत्येक बिधालयहरूमा मातृभाषामा आधारित भइ learning by doing and doing by learning को अवधारणालाइ प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ ।

- मातृभाषा तथा लिपिको संरक्षण, मातृभाषामा शिक्षा, मातृभाषाका मार्फत शिक्षाको प्रबर्द्धन गरिने छ ।

७. **बाल स्वास्थ्य र सुरक्षा :**

- स्वास्थ्य केन्द्र, हेल्थपोष्ट आदिको सहकार्यमा प्रति ३ महिनामा बिधार्थिको स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइने छ ।
- लागु औषध दुरूपयोग नियन्त्रणका लागि ६/६ महिनामा प्रत्येक बिधालयहरूमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- माध्यामिक बिधालयहरूमा किशोर किशोरी शिक्षा कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

८. **साक्षरता र आजिवन शिक्षा :**

- आगामी दुइ बर्षमा सबैलाइ साक्षर बनाउँदै आजीवन शिक्षाका लागि वडा पिच्छे पुस्तकालय र उपलब्ध सामुदायिक सिकाइ केन्द्रलाइ परिचालन गरिने छ । प्रत्येक वडाहरूमा कम्तिमा एउटा पुस्तकालय सहितको बाल उधान निर्माण गरिने छ ।

९. **व्यवहारिक, बैज्ञानिक तथा व्यावसायिक शिक्षा :**

- स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बिज्ञको सहयोगमा माध्यामिक तह सम्मको शिक्षा प्रविधियुक्त, सिपयुक्त, निशुल्क, बालमैत्रि र समाबेशि गराइनेछ ।
- परम्परागत सिपहरूको आधुनिकरण गर्दै त्यसमा भएका ज्ञान तथा सीपहरूको अध्ययन गरि पठनपाठन गर्ने प्रबन्ध मिलाइनेछ । परम्परागत सिपलाइ स्थानिय पाठ्यक्रमसँग समायोजन गरिने छ ।
- गाउँपालिकामा उपलब्ध सिपयुक्त व्यक्ति वा संस्थाको सहयोगमा इच्छुक बिधार्थीहरूलाइ सीप सिकाउने तथा उधमीकरण गर्न प्रबन्ध मिलाइने छ ।
- प्रत्येक माध्यामिक बिधालयहरूमा सुविधा सम्पन्न बिज्ञान प्रयोगशाला निर्माण गर्ने नीति लिइनेछ ।
- सुचना प्रबिधिको अधिकतम प्रयोग हुनेगरि माध्यामिक बिधालयहरूलाइ सुचनाप्रबिधिमैत्रि बनाइने छ ।
- प्रत्येक माध्यामिक बिधालयहरूमा सिसिटिभि जडान गरिने छ ।
- शैक्षिक छात्रबृद्धिको रूपमा गाउँपालिकाले अहेब, प्याथोलोजी र ल्याब अध्ययनको लागि समावेशि आरक्षणका आधारमा आवश्यक कोषको व्यवस्था गरिने छ ।

१०. **भौतिक पुर्बाधार :**

- शिक्षक, प्रअ, बिधार्थी, अभिभावक, बिधालय व्यवस्थापन समिति र गाउँपालिका सबैको सहकार्यमा सबै बिधालयहरूमा संग्रहालय, पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन गरिने छ ।
- बिधालयहरूको भौतिक पुर्बाधार निर्माण गर्दा भुकम्प प्रतिरोधि बनाइने छ र बिपदबाट बच्नका लागि बालबालिकाहरूलाइ नमुना अभ्यास गराइने छ ।

११. लगानी :

- शिक्षा क्षेत्रको बिकासका लागि कुल बजेटको करिब २०% लगानी गरिनेछ ।
- बैचारिक भिन्नताका बिषयमा संबाद गरि बिधालयहरूलाइ शान्ति क्षेत्र बनाइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१२. समता र समाबेशिता :

- प्रत्येक बिधालयहरूलाइ बालमैत्रि, अपाङ्गमैत्रि र छात्राछात्रमैत्रिका साथै समता र समाबेशीताका मुल्य र मान्यतालाइ कार्यान्वयनमा ल्याइने छ ।

१३. संस्थागत बिकास, क्षमता बिकास र शैक्षिक सुशासन :

- शिक्षकहरूको पेशागत बिकाशको लागि आवश्यकता अनुसार पुनर्ताजकि तालिम तथा अवलोकन भ्रमण कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- बिज्ञहरूको सुची प्रकाशन गरि अनुसन्धान र बिकासलाइ बढोतरी गर्दै सिकाइ गुणस्तर अभिबृद्धि गर्न प्रत्येक बिधालयहरूमा कार्यमुलक अनुसन्धान कार्यान्वयनमा ल्याइने छ ।
- बिधार्थी उत्प्रेरणा, सक्रिय सिकाइ सहभागिता , सामाजिक एवमं बालमनोबिज्ञान शिक्षण पद्धतिको आधारमा शिक्षकहरूको कार्यसम्पादन मुल्यांकन गरिने छ ।
- बिधालय सुशासनको अवधारणा बमोजिमको मुल्य मान्यतालाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- आवश्यकता अनुसार बिधालयहरूको भवनको मर्मत सम्भार तथा पुनर्निमाण गरिने छ ।
- बिधार्थी शिक्षक अनुपातको आधारमा दरबन्दी मिलान तथा आवश्यकता अनुसार बिधालयहरूलाइ समायोजनका रूपमा थप घट गरिने छ ।

## २.कैलाश गाउँपालिकाको शिक्षा योजना कार्यान्वयन कार्यानीति,२०७६

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गरे अनुरुप कैलाश गाउँपालिकाले शिक्षा सम्बन्धी नीति पारित गरी त्यसलाइ कार्यान्वयन गर्नका लागि शिक्षा ऐन र शिक्षा योजना समेत निर्माण गरिसकेको छ । यस गाउँपालिकाले शिक्षा ऐनका प्रावधान अनुसार योजनाले निर्धारण गरेका लक्ष्यहरुलाई हासिल गर्नको लागि तपसिल बमोजिमको कार्यनीति पारित गरि लागु गर्ने निर्णय गरेको छ ।

१. पहुचको सुनिस्चतता

- चार बर्ष उमेर समुहका सबै बालबालिकालाई बढिमा आधा घण्टाको पैदल हिडाइमा बाल विकास केन्द्र पुग्ने दरी नयाँ बालविकास केन्द्रहरुको सथापना र पुराना बालविकास केन्द्रको समायोजन गर्ने ।
- सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउनका लागि अभिभावकहरुलाई उत्प्रेरित गर्न सचेतना र सहयोगका कार्यक्रमहरु संचालन गर्ने ।

- तीन बर्ष सम्मको उमेर समुहका बालबालिका र गर्भमा रहेका बच्चहरुको समेत पोषण, बृद्धि र विकासमा सहयोगि हुन अभिभावकहरुलाई सचेतना र सहयोगको कार्यक्रमहरु संचालन गर्ने ।
- भौगोलिक दुरीका कारण बालविकास केन्द्रमा उपस्थित हुन नसक्ने बालबालिकाका लागि घर, टोल तथा कार्यथलोमै सिकाई सामाग्री उपलब्ध गराउने व्यवस्था गर्ने ।
- गाउँपालिका भित्रका ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच पुर्‍याउनका लागि नक्साङ्कन गरी विद्यालय समायोजन, वहुकक्षा विद्यालय स्थापना र आवश्यकता अनुसार विद्यालय स्थानान्तरन गर्ने ।
- आधारभूत शिक्षा पुर्णरुपमा निशुल्क र अनिवार्य गर्नको लागि अभिभावक सचेतना र सहयोगका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गाउँपालिका भित्र बसोबास गर्ने गरिब, अपांगता भएका व्यक्ति, सामाजिक रुपले पछि परेका र भाषिक र जातिय अल्पसंख्यकहरुका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि छात्रबृति, आय आर्जन, सचेतना जस्ता कार्यक्रमहरु संचालन गर्ने ।
- अभिभावक वा संरक्षक कोहि नभएका अनाथ बालबालिकाहरुको लागि गाउँपालिकाले विशेष कार्यक्रम संचालन गरी उनिहरुलाई खान बस्नको सुबिधा सहितको आवासीय शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने ।
- गाउँपालिका भित्र सबैको पहुँचमा माध्यमिक तहको शिक्षा पुर्‍याउन हाल संचालनमा रहेका माध्यमिक विद्यालयहरुमा भौगोलिक बिकटता र अपाङ्गताका कारण जान नसक्ने बालबालिकाहरुका लागि आवासीय विद्यालय संचालन गर्ने ।
- माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निशुल्क गर्न विद्यालय अभिभावकहरुका लागि आय आर्जनका कार्यक्रमहरु गर्न विभिन्न किसिमका सहयोग कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आधारभूत तह वा माध्यमिक तहको शिक्षा पुरा गरेपछि विभिन्न कारणले औपचारिक शिक्षालाई निरन्तरता दिन नसकेका व्यक्तिहरुका लागि रुचि र क्षमता अनुसारको प्रविधिक र व्यबसायिक शिक्षा तथा तालिम प्रदान गर्न गाउँपालिकामा एउटा वहुप्राविधिक विद्यालयको स्थापना गर्ने ।
- गाउँपालिका भित्र साक्षरताको सर्वेक्षण गर्ने र सबै प्रौढहरुलाई साक्षर बनाउनका लागि आवश्यक देखिएका वडा र टोलहरुमा साक्षरता कक्षाहरु संचालन गर्ने ।
- मानिसहरुमा पढ्ने बानीको बिकास गर्न सिकाइलाई जीवन पर्यन्त निरन्तरता दिनका लागि प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने र त्यसै मार्फत साक्षरता र निरन्तर सिकाइका कार्यक्रमहरु संचालन गर्ने ।
- गाउँपालिकामा उच्च शिक्षा प्रदान गर्न कालिका माबि नामटारमा पुर्बाधार निर्माण गर्न पहल गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

२. व्यवस्थापकीय क्षमता सुदृढिकरण

- बालबिकास केन्द्रमा आउने बालबालिका अभिभावकहरुबाट बालबिकास केन्द्र व्यबस्थापन समिति बनाउने र समुदाय तथा विद्यालयमा संचालित बालविकास केन्द्रहरुको व्यबस्थापनमा अभिभावकहरुलाई जिम्मेवार बनाउने ।
- बालबिकास केन्द्रमा दिवा खाजा, शुद्ध खनेपानी, खेल्ने सामाग्री, खेल्ने ठाउँ आदिको महत्वबारे अभिभावकहरुलाई जानकारी गराउने कार्यक्रम संचालन गर्ने र सो को उचित प्रबन्धका लागि अभिभावकहरुको सहयोग र संलग्नता बढाउने ।
- गाउँ सभाद्वारा पारित शिक्षा ऐन र नियमावली अनुसार गठन भएका विद्यालय व्यस्थापन समितिहरुलाई वोद्यालयको समग्र व्यवस्थापन कार्यमा पुर्ण जिम्मेवार बनाउने र प्रधानाध्यापकहरुलाई लक्ष्य तोकी विद्यालयका सबै पक्षमा सुधारका लागि जिम्मेवार बनाउन लगाउने ।
- विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि न्युनतम सक्षमताको अवस्था २०६९ र बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ मा उल्लेखित प्रावधानहरुको कार्यान्वयन गर्न सहयोग गर्ने ।
- व्यवस्थापन समितिहरु र प्राधानाध्यापकहरुलाई विद्यालयको आय- व्यय बिद्यार्थीको सिकाइको गुणस्तर, भौतिक अवस्था, विद्यालयका आवशयक्ताहरु आदि समग्र पक्षहरुको पारदर्शी विवरण समय समयमा अभिभावकहरु समक्ष पेश गर्न लगाउने र विद्यालय व्यवस्थापनमा अभिभावकहरुको सहयोगी भूमिका सुनिश्चित गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरुलाई अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु संचालनका लागि जिम्मेवार बनाउने र तिनिहरुको व्यवस्थापनमा सथानिय व्यक्तिहरुलाइ संलग्न गराउने ।

३. गुणस्तरमा सुधार

- प्रत्येक बालबिकास केन्द्रमा बालबिकास पाठ्यक्रममा निर्धारण गरिएका क्रियकलापहरु संचालन गरी बालबालिकाहरुको शारीरिक, बौदिक,सामाजिक र संवेगात्मक बिकासलाई सहयोग गर्ने ।
- बालबिकास केन्द्रमा एक बर्षको अध्ययन पछि कक्षा १ मा भर्ना हुन जाने बालबालिकाहरुले सामान्य भाषिक र गणितीय सीप हासिल गरेको सुनिश्चित गर्ने ।
- विद्यालय शिक्षामा पाठ्यक्रम कार्यान्वयनलाई जोड दिने र पाठ्यक्रमले तोकेका सिकाई उपलब्धिहरु हासिल भएको सुनिश्चित गर्ने ।
- विद्यालयहरुमा अतिरिक्त र सह-क्रियकलापहरु मार्फत बालबालिकाहरुको विशेष क्षमता र रुचि पहिचान गरी त्यसको विकासका लागि कार्यक्रमहरु संचालन गर्ने ।
- प्रत्येक विद्यालयमा पुस्तकालय र आवश्कता अनुसार प्रयोगशाला र संग्राहलय समेतको व्यवस्था गरी विद्यार्थीको सिकाइलाई गुणस्तरिय बनाउन सहयोग गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

- विद्यालयमा विद्यार्थीहरुको सिकाइलाई अर्थपुर्ण, रमाइलो र व्यवहारिक बनाउनका लागि बालबालिकाहरुका अनुभवलाई उपयोग गर्ने र कक्षाकोठामा सहयोगात्मक र सक्रिय सिकाइलाई जोड दिने ।
- प्रत्येक बालबालिकाको समग्र पक्षको विकासलाई देखाउने गरी बिद्यार्थी कार्य संचयिकाको व्यवस्था गर्ने र समय समयमा अभिभावकहरुलाई त्यसबारे जानकारी गराई आवश्यक राय सुझाब र सल्लाह दिने ।
- विद्यार्थीहारुको सिकाइले उनिहरुको दैनिक व्यवहारमा पारेको सकरात्मक प्रभावबारे अवलोकन गरी शिक्षकले समय समयमा अभिभावकहरुलाई जानकारी दिने र लिने काम गर्ने ।
- गाउँपालिका भित्र प्राविधिक र व्यवसायिक तालिम तथा शिक्षा प्रदान गर्ने विद्यालय र संस्थाहरुमा सम्बन्धित बिषयको प्रयोगात्मक सीप प्रदान गर्ने आवश्यक भौतिक सुविधाहरु र दक्ष जनशक्ति भएको सुनिश्चित गर्ने र त्यस्ता संस्थाबाट उत्पादित जनशक्तिको रोजगारी वा स्वरोजगारिको अवस्थाबारे गाउँपालिकामा सूचना व्यबस्थापन गर्ने ।
- अनौपचारिक शिक्षाका कक्षाहरुमा सहभागि भएका प्रौढहरुको सिकाइ र त्यसबाट उनिहरुको दैनिक व्यवहारिक जीवनमा परेको प्रभावबारे सबै सामुदायिक अध्ययन केन्द्रहरुले समय समयमा सर्वेक्षण गरी जानकारी व्यवस्थीत गरिराख्ने ।
- अनौपचारिक शिक्षा प्राप्त गरेपछि आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याएका र पढाइ तथा सिकाइलाई निरन्तरता दिएका व्यक्तिहरुको विवरण गाउँपालिकाले प्रकाशन गरी सबैलाई सिकाइ प्रति उत्प्रेरित गर्ने ।
- उच्च शिक्षाका प्रवेश परिक्षाका आधारमा क्षमतावानहरुलाई मात्र प्रवेश गराउने र यस तहको शिक्षालाई अनुसन्धानमुलक बनाउने ।

**४. क्षमता विकास**

- बालबिकास सहयोगी कार्यकर्ताहरुलाइ बालबालिकाको चौतर्फी विकासमा कसरि सहयोग पुऱ्याउने भन्ने बिषयमा पुनर्ताजगी तालिम गाउँपालिकाले संचालन गर्ने ।
- अभिभावकहरुलाई बालविकास र सिकाईबारे जानकारीमुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने र त्यसबारे परम्परागत रुपमा गरिएका अभ्यासहरुका सकरात्मक पक्षहरुबारे छलफल गर्ने ।
- शिक्षकहरुलाई पाठ्यक्रम निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, पाठ्यक्रम कार्यन्वयन योजना, विद्यार्थी उपलब्धिको मुल्याङ्कन आदि विषयमा तालिम संचालन गर्ने ।
- गाउँपालिका भित्र उपलब्ध जनशक्ति र समय समयमा बाहिरबाट बोलाईएका विषय बिज्ञहरुबाट शिक्षकको कक्षा अबलोकन गर्न लगाई पृष्ठपोषण दिने र शिक्षकले कक्षामा संचालन गर्ने क्रियाकलापहरुमा सुधार गर्न सहयोग गर्ने ।

- गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको बिषयगत समितिहरु बनाई समय समयमा गोष्ठी, छलफल र कार्यशाला आदिको आयोजना गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, बालबिकास केन्द्र व्यवस्थापन समिति, सामुदायिक सिकाई केन्द्र,.. व्यवस्थापन समिति र क्याम्पस व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, गोष्ठी, छलफल, कार्यशाला आदि संचालन गर्ने ।
- विद्यालयका प्रधानाध्यापकहरु र सामुदायिक अध्ययन केन्द्रका परिचालिकाहरुका लागि व्यवस्थापन तालिम संचालन गर्ने ।
- गाउँपालिकामा प्रचलित परम्परागत सीप, कला, संस्कृति आदिबारे जानकारी राख्ने स्थानीय व्यक्तिहरुलाई समय समयमा विद्यालयमा बोलाई श्रोतव्यक्तिको रुपमा काम गर्न लगाउने ।

**बालपार्कको व्यवस्था**

- गाउँपालिकाका सबै वडामा विद्यालय, बालबालिका, तिनका अभिभावक तथा वडाको सहयोगमा कम्तिमा एउटा बालपार्क निर्माण गर्ने ।
- यस्ता पार्कमा संग्रहालय, पुस्तकालय, खेल मैदान, पिकनिक स्थल, तथा अन्तर पुस्तेनी संवाद स्थल बनाउने ।

**३.विद्यालय समायोजन तथा आन्तरिक शिक्षक दरबन्दि मिलान सम्बन्धि प्रतिवेदन २०७६:**

- राज्यको पुर्नसंरचनापश्चात् गठन भएका७प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानियतहमध्ये कैलाशगाँउपालिका पनि एक हो । मकवानपुर जिल्लाको उत्तर पश्चिममा पर्ने कैलाश गाँउपालिका साविकको डाँडाखर्क, गोगने, भार्ता, कालिकाटार र नामटार ५ गाविस मिलेर बनेको छ । यस गाँउपालिकाको कुल जनसंख्या २३,९२२ रहेका छ भने कुल क्षेत्रफल २०४.४८ बर्ग कि.मि. रहेको छ । यस गाँउपालिकाको पुर्वमा भिमफेदीगाँउपालिका र थाहानगरपालिका, पश्चिममा राक्सिराङ्गगाँउपालिका, उत्तरमा बेनिघाट रोराङ्गगाँउपालिकाधादिङ र गजुरी गाँउपालिकाधादिङ, दक्षिणमा हेटौंडा उपमहानगरपालिका, भिमफेदीगाँउपालिका र राक्सिराङ्गगाउँपालिका रहेका छ । विशेष गरी यस गाँउपालिकामातामाङ, चेपाङ, दलित, क्षेत्री, ब्राम्हण, नेवार, गुरुङ्, मगर आदीजातजातीहरुको बसोबास रहेको पाईन्छ ।
- नेपालको संविधानबमोजिम स्थानियतहको अधिकार सम्बन्धि व्यबस्था कार्यान्वयन गर्न संङ्घ, प्रदेश र स्थानियतहविचको सहकारीता, सहअस्थित्व र समन्वयलाई प्रबद्धन गर्दै

जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, शुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवाप्रवाहगर्ने लोकतन्त्रकालाभहरुको समानुपातिक, समावेसी र न्यायोचितवितरण गरी कानुनी राज्य र दिगोविकासको अवधारण अनुरुप समाजवादउन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालिलाई स्थानियतहदेखिनै सुदृढीकरण गर्न र स्थानिय नेतृत्वको विकास गर्दै स्थानियशासन पद्धतिलाई सुदृढ गरी स्थानियतहमाविधायिकी, कार्यकारिणी, र न्यायिकअभ्यासलाई संस्थागतगर्न स्थानिय सरकारको संचालनगर्ने सम्बन्धमाआवश्यकव्यवस्थागर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका सांसदले निर्माण गरिएको स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ मागाँउतथानगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगतशिक्षा सम्बन्धिअधिकारको बुंदा नं. ११ मा सामुदायिकविद्यालयको शिक्षकतथाकर्मचारीको दरबन्दिमिलानगर्न सक्नेव्यवस्था रहेको छ।

- कैलाशगाँउपालिकाको आ.ब. २०७५ माजँहाविद्यार्थी त्याँहाशिक्षकभन्ने अवधारण रहेको र नेपाल सरकारले संचालन गरेको अस्थायी शिक्षकहरुको आन्तरिक परिक्षावाविभिन्नकारणहरुबाट शिक्षक सेवाबाट अवकाशहुनगई बिद्यालयहरुमाशिक्षकनभई बिद्यालयभर्ना अभियान संचालनगर्न, नियमित पठनपाठन कार्य संचालनगर्न, बिद्यालयब्यबस्थापनतथा गुणस्तरिय शिक्षाप्रदानगर्न कैलाशगाँउपालिकाभित्र रहेको शिक्षकहरुको आन्तरिक दरबन्दिमिलानगर्न यो प्रतिवेदनतयार गरिएको छ।
- कैलाशगाँउपालिका द्वारा २०७५ असार २६ गते प्रकाशन गरेको शिक्षा ऐन २०७५ को परिच्छेद ७ मा दरबन्दिमिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्बन्धिव्यवस्थाको खण्ड ३३ माआवश्यक मापदण्ड सहितविद्यार्थी / शिक्षक अनुपात निर्धारण गरी गाँउशिक्षा समितिले प्रत्येक बर्षको चैत्र मसान्तभित्र दरबन्दिमिलानगर्ने कार्य गर्नेछ भन्ने व्यवस्था रहेकोले यस गाँउपालिकाभित्र रहेको विद्यालयहरुमा कतै विद्यार्थी संख्या धेरै त कतै बिचार्थी थोरै शिक्षक अनुपात मिलान नभएको पाईएकोले विद्यार्थी संख्या, शिक्षकहरुको कार्यक्षमताको आधारमा नेतृत्व परिवर्तन गर्नुपर्ने समेत आधारहरु पाईएकोले कैलाश गाँउपालिकाभित्र रहेका शिक्षकहरुको आन्तरिक दरबन्दि मिलान गर्न कैलाश गाँउपालिका गाँउ शिक्षा समितिलाई जानकारी सहित निर्णयार्थ यस प्रतिवेदन पेश गरीएको छ।

तपशिल

प्रमुख प्रशासकीय अधिकृत

| क्र. स. | शिक्षकको नाम/थर | पद, श्रेणी,तह,प्रकृती | साविक कार्यरत विद्यालय | हाल दरबन्दिमिलान/सरुवा हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | खुमराजमुक्तान | प्रा.वि.तृतिय स्थायी | सिद्धिगणेश प्रा.विभार्ता | धुवाङ मा.वि. भार्ता | दरबन्दि थप गरीएको |
| २. | राधीकाकालाखेती | प्रा.वि. राहत | लक्ष्मीप्रा.वि. वागुने | जलेश्वर प्रा.वि. जलेश्वर | राहत दरबन्दि कटौती, सरुवा |
| ३. | तरणी प्रसादचौधरी | प्रा.वि. द्धितिय स्थायी | जलेश्वर प्रा.वि. कैलाश-९ | देवीप्रा.वि. चिसापानी | दरबन्दि कटौती, सरुवा |
| ४. | सृजना पुडासैनी | प्रा.वि. अस्थायी | श्री प्रा.वि.लिक्चे | श्री सुन्दरीकाली प्रा.वि. ल्वाङ्ग | दरबन्दि थप |
| ५. | रामनाथ गौतम | प्रा.वि. द्धितिय | देउतिस प्रा.वि. कालिकाटार | भवानी मावि कालीकाटार | दरबन्दि थप |
| ६. | मोहनलालशिवाकोटी | प्रा.वि. तृतिय स्थायी | शान्तिशिर्जनाप्रा.वि. | श्री स्यार्से कालि प्रा.वि कैलाश-९ | दरबन्दि सरुवा |
| ७. | सम्फना भट्ट | प्रा. वि राहत | ऋषेश्वर प्रा.वि. कैलाश- | सरस्वतीप्रावि. डोकेटार | राहत दरबन्दि सरुवा |
| ८. | पार्वतीबतौला | ईसिडी दरबन्दि | देवीप्रा.वि. चिसापानी | स्यार्से कालिप्रा. वि. कैलाश-९ | दरबन्दि कटौती |
| ९. | शर्मिला गोले | नि.मा.वि. राहत | सुन्दरी देवी नि.मा.वि. | श्री कालिका मा.वि. नामटार | राहत दरबन्दि सहित सरुवा |
| १०. | गोपाल उप्रेती | नि.मा.वि. राहत | सुन्दरी देवी नि.मा.वि. | कृष्ण नि.मा.वि. गोगने | दरबन्दि कटौती |
| ११ | रमेश कुमार घलान | प्रा.वि. स्थायी | बाग वत्सल्य प्रा.वि. | कृष्ण नि.मा.वि. | दरबन्दि सहित सरुवा |
| १२. | दरबन्दी स्थान्तरण | प्रा.वि. दरबन्दी | महाकाल प्रा.वि. | बागवत्सल्य प्रा.वि. | दरबन्दि सहित सरुवा |
| १३. | दरबन्दि स्थानान्तरण | प्रा.वि. दरबन्दि | तिलेश्वर महादेव प्रा.वि. | कालिदेवीका.वि. डाँडाखर्क | दरबन्दि सहित सरुवा |
| १४. | मञ्जु कुमारी कार्की | नि.मा.वि. राहत | सुन्दरी देवीनि.मा.वि. | भवानीमा.वि. कालिकाटार | राहत दरबन्दि सहित सरुवा |
| १५. | दरबन्दि स्थानान्तरण | प्रा.वि. दरबन्दि | कालीदेवीप्रा.वि. | कमलादेवीमा.वि. | दरबन्दि सहित |

४०५
७।२९
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सरुवा |
| १६. | राम नरेश महतो | प्रा.वि. स्थायी | फुलदेवीप्रा.वि. | सरस्वतीनि.मा.वि. डाँडाखर्क | दरबन्दि सहित सरुवा |
| १७. | हस्त बहादुर सिन्तान | प्रा.वि. स्थायी | श्री पञ्चकन्याप्रा.वि. | श्री नि.मा.वि डाँडा खर्क | दरबन्दि सहित सरुवा |
| १८. | दिपकगुरुङ्ग | प्रा.वि. राहत | सरस्वतीनि.मा.वि. डाँडाखर्क | श्री नि.मा.वि. डाँडाखर्क | दरबन्दि सहित सरुवा |
| १९. | चमेलीब्लोन | प्रा.वि. राहत | कालीदेवीप्रा.वि. | सरस्वतीनि.मा.वि. डाँडाखर्क | दरबन्दि सहित सरुवा |
| २०. | दरबन्दि स्थानान्तरण | ईसिडी दरबन्दि | सिद्धिगणेश प्रा.वि. | सरस्वतीप्रा.वि. डोकोटार | दरबन्दि कटौती सहित सरुवा |
| २१. | दरबन्दि स्थानान्तरण | ईसिडी दरबन्दि | तिलेश्वर महादेव प्रा.वि. दुम्सिखर्क | कालीदेवीप्रा.वि. गोगने | दरबन्दि कटौती सहित सरुवा |
| २२. | रत्नबहादुर स्याङ्तान | प्रा.वि. राहत | कृष्ण नि.मा.वि. गोगने | कालिकामा.वि. नामटार | दरबन्दिथप |
| २३. | दरबन्दि स्थानान्तरण | प्रा.वि. दरबन्दि | गुप्तेश्वरी प्रा.वि. | सुन्दरीदेबि नि.मा.वि. गोगने | दरबन्दिपदपुर्ती गरी सरुवा |
| २४. | मुंगलालराययादब | प्रा.वि. तृतिय स्थायी | श्री देविप्रा.वि. चिसापानी | रत्न ज्योतीनिमावि मरेङ्कोट | दरबन्दि कटौती |
| २५. | दरबन्दि स्थानान्तरण | प्रा.वि. दरबन्दि | जलेश्वर प्रा.वि. कैलाश-९ | श्री कृष्ण नि.मा.वि. | दरबन्दि कटौती गरी थप गरीएको |
| २६. | दरबन्दि स्थानान्तरण | प्रा.वि. दरबन्दि | स्यार्से कालिकाप्रा.वि. | श्री सरस्वतीनि.मा.वि. कैलाश-२ | दरबन्दि कटौती गरी थप गरीएका |
| २७. | राजेन्द्र शिवाकोटी | प्रा.वि. तृतिय स्थायी | तिलेश्वर प्रा.वि. | श्री ऋषेश्वर प्रा.वि. | सरुवा |
| २८ | प्रलाद दर्जी | प्रावि अस्थायी | सुन्दरी निमावि. | व्यास मावि गोगने | दरबन्दीसहित सरुवा |

प्रमुख प्रशासकीय अधिकृत

- सोही परिच्छेदको खण्ड ३५ माशिक्षक विद्यार्थीको अनुपात सम्बन्धि व्यवस्थामा गाँउपालिकाले नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा नेपाल सरकारले तोकिए बमोजिम विद्यार्थी तथाशिक्षकको अनुपात कायम गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोले नेपाल सरकारको मापदण्ड अनुसार विद्यार्थी संख्या अत्यन्त न्यून भएकोले यस गाँउपालिकाभित्र रहेका तपशिलमा उल्लेखित बिद्यालयहरुको तह तपशिल अनुसार घटुवा गर्न गाँउशिक्षा समितिमा पेश गरिएको छ ।

तपशिल

| क्र.स. | विद्यालयको नाम ठेगाना | साविककायम रहेकातह | हालकायम गरीएको तह | कैफियत |
|---|---|---|---|---|
| १ | सुन्दरीदेवीनि.मा.वि. कैलाश-५ गोगने | १ देखी ८ सम्म | १ देखी ५ सम्म | |
| २ | शक्तिशालीनि.मा.वि. कैलाश-७भार्ता | १ देखी ८ सम्म | १ देखी ५ सम्म | |
| ३ | सिद्धी गणेश प्राबि, कैलाश ८ | १ देखि ५ सम्म | १ देखि ३ सम्म | |

- यस प्रतिवेदन कैलाश गाँउपालिको शैक्षिक गुणस्तर सुदृढीकरण तथा शिक्षाको चौतर्फी विकास गर्न तयार गरिएको छ । यस प्रतिवेदनले कैलाश गाँउपालिकाभित्र रहेको विद्यालयहरुको विद्यार्थी तथा शिक्षक अनुपात, विद्यालयहरुको नेतृत्व परिवर्तनका साथै यस गाँउपालिका भित्रका स्थानिय वडा समिति, तथा वडा शिक्षा समितिबाट प्राप्त सकारात्मक पृष्ठपोषण र कैलाश गाँउपालिकाको शिक्षा ऐन २०७५ लाई समेटीएको छ । यस प्रतिवेदनले यस गाँउपालिकाभित्रको शैक्षिक समस्याको न्यूनिकरण गरीनेमा सामाजिक विकास समिति विश्वस्थ रहेको छ ।

***निर्णय नं. ८ (क) ÷*** प्रस्ताव नं. ८ को बिषयमा आवश्यक छलफल गर्दा मिति २०७६।०१।२७ गतेको बिशेष गाँउसभामा पेश भएको शंशोधित कार्यक्रममा बजेट छुट भएकाले जुनार कलमी बिरूवा बितरण निशुल्क ढुवानी सहित मा रू २,१२,०००।÷( दुइ लाख बाह्र हजार रूपैया मात्र) र हाइजेनिक टनेल मर्मत मा रू ५०,०००।÷( पचास हजार रूपैया मात्र) । बिनियोजन भएको निर्णय सर्बसम्मतिले पारित गरियो ।

***निर्णय नं. ८ (ख)÷*** प्रस्ताव नं. ८ को बिषयमा आवश्यक छलफल गर्दा ३ नं. प्रदेश सरकारबाट प्राप्त तरकारी भण्डारण केन्द्र निर्माण बापत रू ४०,००,०००।÷( चालिस लाख रूपैया मात्र ।) मध्ये कैलाश वडा नं. २ बैकुण्ठमा रू २०,००,०००।÷( बिस लाख रूपैया मात्र ।) र कैलाश वडा नं. ५

गोलढुंगामा रू २०,००,०००।÷( बिस लाख रुपैया मात्र ।) कार्यालयबाट टिप्पणी मार्फत सम्झौता भएकोमा सो शर्शत कार्यक्रमलाइ सर्बसम्मतिले निर्णय गरि अनुमोदन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८ (ग)÷** प्रस्ताव नं. ८ को बिषयमा आवश्यक छलफल गर्दा कैलाश वडा नं. ८ को बन तथा भु संरक्षण अन्तर्गत बृक्षारोपण कैलाश ८ चिउरी वापत बिनियोजित रकम रू १,००,०००।÷ (एक लाख रूपैया मात्र ।) सम्झौता भइसकेको तर सरकारी तथा निजि नर्सरीहरूमा चिउरीको बिरूवा आवश्यक मात्रामा उपलब्ध नभएको र कृषकहरूको माग अनुसार आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरि सो चिउरीको स्थानमा जुनार बृक्षारोपण गर्ने निर्णय सर्बसम्मतिले गरियो ।

**निर्णय नं. ८ (घ)÷** प्रस्ताव नं. ८ को बिषयमा आवश्यक छलफल गर्दा बेमौसमि तरकारी खेतिका लागि पलास्टिक टलेल र बिउमा अनुदान कार्यक्रम सन्चालन गर्न गाउँपालिका स्तरीय मुल समिति निर्माण गरि प्रत्येक वडामा २०/२० वटा प्लाष्टिक घर निर्माण गर्न लगाइ जम्मा २०० वटा प्लाष्टिक टनेल र बिउ उक्त समितिमार्फत कार्यक्रम सन्चालन गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं. ९÷** प्रस्ताव नं. ९ को बिषयमा आवश्यक छलफल गर्दा गाउँपालिकाको लागि आवश्यक तपशिल बमोजिमका नियम, कार्यबिधि र निर्देशिका राजपत्रमा प्रकाशन गरि लागु गर्ने गरि अनुमोदन गरियो ।

**तपशील**

१. कैलाश गाउँपालिकाको शिक्षा नियमावली, २०७६ ।
२. कैलाश गाउँपालिकाको सार्बजानिक खरिद नियमावली, २०७६
३. बाख्रा पकेट प्याकेज बिस्तार कार्यक्रम सन्चालन कार्यबिधि, २०७६
४. कैलाश गाउँपालिकाको ग्रामिण/स्थानीय कुखुरा पालन कार्यक्रम सन्चालन गर्न बनेको निर्देशिका, २०७६
५. कैलाश गाउँपालिकाको कृषक समुह गठन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७६
६. फरक क्षमता भएकाहरुको व्यवस्थापन सम्बन्धि कार्यबिधि, २०७६
७. अपागंताका लागि परिचय पत्र बितरण सम्बन्धि कार्यबिधि, २०७६

**निर्णय नं. १०÷** प्रस्ताव नं. १० को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत खरको छानो मुक्त कार्यक्रमको जस्ता पाता खरिद कार्यलाइ सम्भव भएमा सिलबन्दि दरभाउपत्र मार्फत नभए बिशेष परिस्थिति अनुसार कानून बमोजिम यथाशिघ्र खरिद कार्य गर्ने निर्णय गरियो साथै केन्द्र सरकारले प्रदान गर्ने खरको छानोमुक्त कार्यक्रमको लागि माग भएबमोजिमको ढाँचामा बिबरण पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११÷** प्रस्ताव नं. ११ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ७ मा पुजीगत प्रकृतिका फर्निचर फिक्सिङका सामानहरू र मेशिनरी उपकरणहरू आवश्यक परेकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ अनुसार चालु शिर्षकको मसलन्द तथा कार्यालय सामाग्रि खर्च(सि.न.२२३११) खर्च शिर्षकबाट पुजीगत शिर्षकमा सोही ऐनबमोजिम २५% रकम रू २,५०,०००।÷( दुइ लाख पचास हजार रूपैया मात्र) रकमान्तर गरी खर्च व्यहोर्ने निर्णय सर्बसम्मतिले पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२:-** प्रस्ताव नं. १२ को विषयमा आवश्यक छलफल गर्दा गाउँकार्यपालिकाको कार्यालयमा सुचिकृत हुन आएका लेखापरिक्षकहरूलाइ सामुदायिक बिधालयहरूमा लेखापरिक्षणको लागि खटाउन गाउँकार्यपालिकाको कार्यालयलाइ जिम्मा दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १३:-** प्रस्ताव नं. १३ को बिविध विषयमा आवश्यक छलफल गर्दा तपशील बमोजिम हुनेगरि सर्वसम्मतिले निर्णय पारित गरियो ।

तपशिल

- कैलाश २ निवासी साहीली माया घलानको मिति २०७६।०२।०८ गते चट्याङबाट मृत्यु भएकोमा राहतस्वरूप किरिया खर्च सम्वन्धित शिर्षकबाट रू २०,०००।-( बिस हजार रूपैया मात्र ।) भुक्तानी दिने ।
- कैलाश २ को भार्ता, सानो डाँडाखर्क कैलाश सडक सम्झौता भइ निर्माधिन अवस्थामा सुख्खा पहिरोको कारण सडक निर्माणमा अवरोध आइरहेकोमा सोको समाधानका लागि आवश्यक मानव संशाधनको प्रयोगबाट काम गर्ने गरि सोही बमोजिम लागत अनुमान गरि गाउँपालिकाको स्वीकृत बजेटको परिधि भित्र रही कार्य अगाडि बढाउने ।
- यस गाउँपालिकाको शिक्षा सम्वन्धि कामकाज गर्ने गरि शिक्षा संयजकको रूपमा कैलाश गाउँपालिकाको शिक्षा ऐन, २०७५ बमोजिम कालिका माविका स्थायी शिक्षक श्री राम कुमार बतौंलालाइ तोक्ने ।
- यस गाउँपालिकाका ३ वटा प्रहरी चौकीहरूलाइ उपयुक्त शिर्षक खोजी एक एक वटा गरि जम्मा ३ वटा मोबाइल खरिद गर्ने ।
- घैराटार, साजिखोरिया, बागुने, किटभन्ज्याङ सडक कैलाश १० को मिति २०७६।०२।२१ गते दर्ता नं. ९७३ अनुसार पेश हुन आएको ट्र्याक निकाल्नका लागि ग्याबिन बक्सको प्रयोग गर्नुपर्ने कारण सहितको प्राबिधिक प्रतिबेदन समेतका आधारमा सो स्वीकृत योजनाको परिमार्जित लागत अनुमान तयार गर्ने ।
- स्थानीय पुर्वाधार बिकास साझेदारी कार्यक्रम अन्तर्गत संघिय निर्वाचन क्षेत्र ख मा सामुदायिक अस्पताल( हेल्थपोष्ट) भवन निर्माण शिर्षकमा रू १९,९०,०००।-( उन्नाइस लाख नब्बे हजार रूपैया मात्र ।) रकम प्राप्त भइ सम्झौता समेत भइसकेको सन्दर्भमा कैलाश -३ मा अस्पताल भवन भएको तर कैलाश ७ मा अस्पताल भवन नभएकाले सो लाइ मध्यनजर गर्दै उक्त वडाहरू क्रमश: ३ र ४ को आपसी सहमति मार्फत उक्त भवन निर्माण अब उपरान्त स्थानीय पुर्वाधार बिकास साझेदारी कार्यक्रम( सन्चालन कार्यविधि),२०७५ को परिधिभित्र रही वडा नं. ७ सो भवन निर्माण हुने गरि पुन: सम्झौता गर्ने र सोबाट उत्पन्न हुने असहज र असामान्य परिस्थिति सृजना भएमा कार्यकारिणि अधिकार सहितको गाउँकार्यपालिका पुर्ण रूपमा जवाफदेहि र उत्तरदायी हुने निर्णय सर्वसम्मतिले गरियो ।

प्रमाणित